# मदाने गाउँपालिका

गुल्मी जिल्ला, लुम्विनी प्रदेश,नेपाल

# मदाने गाउँपालिका

| वर्ष : ५ | अंक : ४६ |
|---|---|

## भाग २

**गाउँपालिका कार्यालयवाट मिति २०७९ असार १९ गते मदाने गाउँपालिका**

**विद्यालयमा अनुदान वितरण कार्यविधि,२०७९**

**सार्वजनिक जानकारीको लागि देहाए वमोजिम प्रकाशन गरिएको छ ।**

| | |
|---|---|
| कार्यपालिकावाट स्वीकृत मिति | २०७९।०३।१९ |
| स्थानीय राजपत्रमा स्वीकृत मिति | २०७९।०३।१९ |

आज्ञाले

कमल प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

**विद्यालयमा अनुदान वितरण कार्यविधि,२०७९**

**कार्यपालिकावाट स्वीकृत मिति २०७९-०३-१९**

**राजपत्रमा स्वीकृत मिति २०७९-०३-१९**

**<u>प्रस्तावना</u>**

मदाने गाउँपालिकाको सामुदायिक विद्यालयका कार्यरत शिक्षक, कर्मचारी ,बालविकास सहजकर्तालाई शिक्षातर्फ विनियोजन भएको रकमलाई पारदर्शी,एकरुपता कायम गरी प्राथमिकताको आधारमा माध्यमिक तह कक्षा ११-१२ , माध्यमिक तह कक्षा ९-१०,निम्न माध्यमिक तह, प्राथमिक तहमा एउटा मात्र दरवन्दी र सामुदायिक विद्यालयमा कुनैपनि बाल विकास सहजकर्ताको दरबन्दी नभएको विद्यालयहरुलाई विद्यालयमा भएका शिक्षक संख्या, विद्यार्थी संख्या विद्यालयको भौतिक अवस्थाको आधारमा वार्षिक रुपमा वा चौमासिक रुपमा एकमुष्ट अनुदान  रकम विद्यालयको खातामा निकासा गर्न बाञ्छनीय भएकोले यो कार्यविधि तर्जुमा गरिएको हो।

परिच्छेद- १

१. संक्षिप्त नाम र प्रारम्भः-

१. यो कार्यविधिको नाम विद्यालय अनुदान वितरण कार्यविधि,२०७९  रहेको छ ।

२. यो कार्यविधि मदाने गाउँकार्यपालिकाबाट स्वीकृत्त भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. विद्यालय भन्नाले  शिशु कक्षा देखि कक्षा १२ सम्म सञ्चालित विद्यालय संम्झनु पर्छ ।

२. गाउँपालिका भन्नाले मदाने गाउँपालिका सम्झनु पर्छ ।

३.वाल शिक्षा शिक्षक भन्नाले  गाउँपालिका भित्र समुदायमा आधारित वा विद्यालयमा आधारित वालविकास केन्द्र वा शिशु कक्षाका सहजकर्तालाई  सम्झनु पर्दछ ।

५. विद्यालय कर्मचारी भन्नाले विद्यालय सहयोगी,विद्यालय सहायक वा  शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलब भत्ता लिने कर्मचारी वुझ्नु पर्दछ । सो शव्दले भौगोलिक वा समयको कारणले गर्दा सेवा प्रवाहमा कठिनाइ भइ नियुक्त भएका कर्मचारी समेतलाई जनाउछ ।

६.विद्यालयले विद्यालयमा गएको अनुदानबाट शैक्षिक गुणस्तर वृद्धिको लागि थप शिक्षक,शिक्षण सिकाइ वृद्धिमा खर्च गर्न सक्नेछ ।

७.विद्यालयको गुणस्तर सुधारका लागि यो रकम खर्च गर्नु पर्नेछ।

८.अनुदान वापतको रकमको लेखापरीक्षण सम्वन्धित विद्यालयहरुले नै गराउनु पर्नेछ ।

## परिच्छेद-२

## अनुदान दिने आधार

२.१ गाउँपालिकाले अनुदान वितरण गर्दा विद्यालयमा मौजुदा दरबन्दी संख्या र शिक्षण सिकाइ सुधारमा सहयोग पुग्ने गरी माथिल्लो तह संचालनमा रहेका विद्यालय,भौगोलिक रुपमा टाढा भै एउटै कर्मचारीले दोहोरो हेर्न नभ्याउने विद्यालयमा समेत कर्मचारी व्यवस्थापनको लागि, कम्तिमा पनि एउटा दरबन्दी मात्र कायम भएको विद्यालयलाई प्राथमिकतामा राखे । त्यसै गरी क्रमश २ दरबन्दी भएका विद्यालयलाई क्रमश अनुदान दिने व्यवस्था गर्नेका साथै सामुदायिक विद्यालयमा बाल विकास सहजकर्ता नभएका विद्यालयलाई प्राथमिकतामा राखी अनुदान वितरण गर्ने व्यवस्था गर्ने ।

## परिच्छेद ३

## विविध

३.१ **यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा कुनै द्विविधा वा वाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।**

३.२ **यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा** प्रचलित शिक्षा ऐन तथा नियमावली व्यवस्था भए वमोजिम हुने छ ।

३.३ यस कार्यविधिमा उल्लिखित विषयमा कुनै दुविधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउन फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्ने छ ।

३.४ यो कार्यविधि कार्यान्यनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट,हेरफेर तथा परिवर्तन गर्न सक्नेछ ।

३.५ शिक्षा शाखाले शिक्षक संख्या,परीक्षाको परिणाम,आर्थिक अवस्था र विद्यालयले पुरा गर्नुपर्ने न्यूनतम पूर्वाधारहरु अध्ययन गरी वार्षिक रुपमा एकमुष्ट रकम वा चौमासिक रुपमा निकाशाको लागि लेखा शाखाको राय सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विद्यालयको खातामा निकासा दिने व्यवस्था मिलाउने ।

३.६ तपसिलमा उल्लेखित रकम विद्यालयको खातामा अनुदान स्वरुप वितरण गर्ने व्यवस्था गर्ने ।

**तपसिल**

| क्र.स. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | जम्मा विद्यार्थी संख्या | दरवन्दी संख्या | | | | | नपुग दरबन्दी संख्या | | | | नपुग संख्या | कर्मचारी व्यवस्थापन | शिक्षक व्यवस्थापन | जम्मा निकासा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रा.वि | नि मा वि | मा वि | उ मा वि | जम्मा | प्रा.वि | नि मा वि | मा वि | उ मा वि | | | | |
| १ | बाझकटेरी मा.वि. | मदाने-2 | १२ | ५१८ | ५ | ३ | ५ | ० | १३ | ० | -१ | ० | २ | १ | ० | ३९८८९५ | ३९८८९५ |
| २ | रियाले मा.वि. | मदाने-3 | 12 | ३७३ | ६ | २ | ४ | ० | १२ | १ | -२ | -१ | २ | -१ | ३५००० | ३९८८९५ | ४३३८९५ |
| ३ | पृथ्वी मा.वि. | मदाने-6 | 12 | ६३३ | ६ | ५ | ८ | २ | २१ | १ | १ | ३ | ० | ४ | ३५००० | ३९८८९५ | ४३३८९५ |
| ४ | दिपक मा.वि. | मदाने-7 | 12 | २९८ | ६ | ४ | ४ | | १४ | १ | ० | -१ | २ | १ | ० | ३९८८९५ | ३९८८९५ |
| ५ | बालविकास आ.वि. | मदाने-2 | ८ | २८२ | ६ | २ | ० | | ८ | १ | -२ | | | -२ | ० | ५२००० | ५२००० |
| ६ | खन्यूखर्क आवि | मदाने-3 | 8 | १३३ | ५ | १ | ० | | ६ | ० | -३ | | | -३ | ० | ५२००० | ५२००० |
| ७ | जनक आ.वि. | मदाने-6 | 8 | १४९ | ६ | १ | ० | | ७ | १ | -३ | | | -३ | ० | ५२००० | ५२००० |
| ८ | धाराचौर आ.वि. | मदाने-6 | 8 | १७० | ७ | १ | ० | | ८ | २ | -३ | | | -३ | ० | ५२००० | ५२००० |
| ९ | कंङ्केदेउराली आ.वि. | मदाने-6 | 8 | ४४७ | ६ | १ | ० | | ७ | १ | -३ | | | -३ | ० | ५२००० | ५२००० |
| १० | टिमुरखर्क आ.वि. | मदाने-7 | 8 | १९३ | ६ | ३ | ० | | ९ | १ | -१ | | | -१ | ० | ५२००० | ५२००० |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | जनसेवा आ.वि. | मदा ने-7 | 8 | ७७ | ६ | १ | ० | | ७ | १ | -३ | | | -३ | ० | ५२००० | ५२००० |
| १२ | ओख्लेदह प्रा.वि. | मदा ने-1 | ६ | २०५ | ४ | ० | ० | | ४ | -१ | | | | -१ | ० | ५०४२० | ५०४२० |
| १३ | शिवालय प्रा.वि. | मदा ने-3 | 3 | ३० | १ | ० | ० | | १ | -२ | | | | ० | ० | ५२००० | ५२००० |
| १४ | नमुना प्रा.वि. | मदा ने-3 | 3 | ४२ | १ | ० | ० | | १ | -२ | | | | ० | ० | ५२००० | ५२००० |
| १५ | सिद्धपोखरी प्रा.वि. | मदा ने-3 | 3 | २८ | १ | ० | ० | | १ | -२ | | | | ० | ० | ५२००० | ५२००० |
| १६ | लालिगुँरास प्रा.वि. | मदा ने-4 | 3 | १६ | १ | ० | ० | | १ | -२ | | | | ० | ० | ५२००० | ५२००० |
| १७ | जनचाहना प्रा.वि | मदा ने-6 | 3 | ३४ | १ | ० | ० | | १ | -२ | | | | ० | ० | ५२००० | ५२००० |
| १८ | तिनधारे प्रा.वि. | मदा ने-3 | 2 | १८ | १ | ० | ० | | १ | -२ | | | | ० | ० | ५२००० | ५२००० |
| | | | | ३६४६ | ७५ | २४ | २१ | २ | १२२ | | | | | | ० | | २३९२००० |